# निर्णयहरु

## निर्णय नं १ :

राष्ट्रिय योजना आयोगबाट आगामी आ.व. २०७३।७४ को लागि बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी बजेट सिलिङ तथा मार्गदर्शन प्राप्त भइ नसकेको हुंदा गत आ.व.मा प्राप्त मार्गदर्शनलाई चालु आवको मार्ग दर्शन मानी तथा चालु आ.व. २०७२।७३ को लागि स्वीकृत बजेटमा १० प्रतिशत बृद्धिलाई आगामी आवको बजेट सिलिङ मानी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने निर्णय गरियो ।

## निर्णय नं. २ :

आगामी आ.व. २०७३।७४ को जिल्ला विकास योजना तर्जुमा गर्ने सन्दर्भमा निम्न अनुसारका नीतिगत मार्गदर्शनहरुको आधारमा योजना तथा कार्यक्रहरु छनौट गर्ने निर्णय गरियो :

### समष्टिगत मार्गदर्शन :

१. तेह्रौं योजना आव (२०७०।७१- ०७२।७३) र लमजुङ जिल्लाको ५ बर्षे आवधिक जिल्ला विकास योजना (आव २०७०।७१-२०७४।७५) ले निर्दिश्ट गरेका दीर्घकालिन लक्ष्य,उद्देश्य र नीतिलाई प्रत्यक्ष टेवा पुग्ने गरी बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने । यस बाहेक क्षेत्रगत रुपमा तयार गरिएका योजनाहरुलाई समेत आधार मान्ने ।

२. २०७२ बैशाख १२ गतेको विनासकारी भूकम्प र त्यस पछिका पराकम्पनबाट क्षतिग्रस्त भएका भौतिक संरचनाहरुको पुनर्निर्माण र नवनिर्माणलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

३. लागत सहभागिता/जनसहभागितामा सञ्चालन गर्न सकिने, अधुरा तथा आयमूलक/उत्पादनमूलक योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

४. एक गाउं एक उत्पादन, छुवाछुतमुक्त गाविस/नपा घोषणा, बालमैत्री गाविस/नपा घोषणा, धुवाँमुक्त भान्छाघर गाविस/नपा घोषणा, एक गाउ/विद्यालय एक पुस्तकालय, लैंगिक हिंसा न्यूनीकरण जस्ता राष्ट्रिय अभियानमा सहयोग पुग्ने खालका कार्यक्रममा जोड दिने ।

५. सहभागितात्मक योजना तर्जुमा प्रक्रियाबाट प्राप्त भएका योजना तथा कार्यक्रमहरु मात्र जिल्ला परिषदबाट छनौट गर्ने तथा केन्द्रमा सिफारिश गर्ने ।

### आर्थिक विकास :

१. खाद्यान्न, तरकारी मासुजन्य र दूग्धजन्य उत्पादनमा आत्मनिर्भर भै निर्यात गर्न सक्ने जिल्लाको रुपमा स्थापित हुने गरी योजना तथा कार्यक्रम छनौट गर्ने । अलैंची जस्ता उच्च मूल्यका नगदेवालीको उत्पादनमा जोड दिने ।

२. कृषिको व्यवसायीकरण, विविधिकरण, यान्त्रिकरण र बजारीकरणमा मद्दत पुग्ने आयोजना तथा कार्यक्रम छनौट गर्ने ।

३. पर्यटन पूर्वाधार तथा घरेलु तथा साना उद्योग जस्ता आर्थिक विकासका आधारहरुलाई टेवा पुग्ने गरी योजना तर्जुमा गर्ने ।

४. शहरी योजना निर्माण (urban planning), क्लष्टरगत रुपमा उद्योगहरुको स्थापना तथा प्रवर्द्धन, विकासमा युवा परिचालन, व्यवसायिक शिक्षामा जस्ता कार्यक्रमहरुलाई प्राथमिकतामा दिने ।

**सामाजिक विकास :**

१. गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य संस्थाहरुलाई सुदृढीकरण गर्ने । बालबालिकाहरुको पोषण र सरसफाईमा जोड दिने । जिल्लालाई पूर्ण सरसफाईयुक्त जिल्ला घोषणामा मद्दत पुग्ने गरी कार्यक्रम छनौट गर्ने ।

२. गुणस्तरीय शिक्षा तथा प्राविधिक शिक्षामा जोड दिने । विद्यालय छाड्ने दर न्यूनीकरण गर्न चेनतामूलक तथा अन्य सवलीकरणका कार्यक्रम छनौट गर्ने । बाल विकास केन्द्रको प्रभावकारिताको लागि आवश्यक भौतिक पूर्वाधार र सिकाइ सामाग्रीमा लगानी बढाउने ।

३. कानूनले तोकभन्दा न्यून नहुने गरी लक्षित समुदायको लागि बजेट विनियोजन गर्ने । साथै सो वर्गको आयमूलक र सीपमूलक कार्यक्रममा जोड दिने । बालमैत्री गाविस/नपा र जिल्ला घोषणा गर्नको लागि अभियानात्मक कार्यक्रम तर्जुमा गर्ने । योजनाका सवै चरणहरुमा लक्षित समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

४. लमजुङको कला, साहित्य तथा संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन तथा खेलकुँदको विकास गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने ।

**भौतिक पूर्वाधार विकास :**

१. खानेपानी योजना सञ्चालन गर्ने कार्यालय तथा संघसंस्थाहरुले योजनाहरु सञ्चालन तथा मर्मत विस्तार गर्दा एक पूर्व स्वीकृत घर एक धाराको नीति अनुरुप योजना कार्यान्वयन गर्ने ।

२. सवै जिल्लाबासीलाई विद्युत सेवा पुऱ्याउने गरी योजना तथा कार्यक्रम तर्जुमा गर्ने । जलविद्युतमा लगानीमैत्री वातावरण बनाउन उचित ध्यान दिने गरी नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।

३. जिल्लाका सडकहरुको स्तरोन्नतिमा विशेष जोड दिने । साथै सडक छनौट गर्दा दोहोरोपना नहुने गरी चेनेज र कामको आइटम फरक पर्ने गरी निर्माणसंग सम्बन्धित कार्यालय विच समन्वयात्मक बैठक गरी कार्यक्रम प्रस्ताव गर्ने ।

४. सदरमुकाम लगायत सवै गाविस/नपाहरुमा इमेल, इन्टरनेट सेवा प्रभावकारीरुपमा सञ्चालन हुने गरी कार्यक्रम तर्जुमा गर्ने ।

**वन तथा वातावरण**

१. जैविक विविधताको संरक्षण, वातावरणमैत्री विकास, जलवायु अनुकुलन तथा धुँवारहित भान्छाघर निर्माणको लागि योजना तर्जुमा गर्ने ।

२. दिगो वन विकास र भू संरक्षणमा सहयोग पुग्ने गरी योजना तर्जुमा गर्ने ।

३. नगर क्षेत्रको फोहोर व्यवस्थापनको लागि दीर्घकालिन नीति बनाई बजेट विनियोजन गर्ने ।

**संस्थागत विकास तथा सुशासन :**

१. पारदर्शी, प्रभावकारी, छिटो एवं गुणस्तरीयरुपमा योजना सम्पन्न गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई पुरस्कृत गर्ने नीति लिने ।

२. सुशासन,जवाफदेहिता र पारदर्शितालाई प्रभावकारी बनाउन एवं वित्तिय जोखिम न्यूनीकरण गर्न सञ्चार माध्यमलाई परिचालन गर्ने तथा सवै योजनाहरुमा सार्वजनिक परीक्षण र संयुक्त अनुगमनलाई अनिवार्य गर्ने । सामाजिक परिक्षण र लैंगिक परीक्षणलाई प्रभावकारी बनाउने । साथै पत्रकार भेटघाट र वेभ साइट अद्यावधिक नियमित गर्ने ।

३. जिल्ला विकास समितिको आन्तरिक श्रोत अभिबृद्धिको लागि कार्यक्रम तय गरी लागु गर्दै जाने ।

४. कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि अवलोकन भ्रमण तथा आवश्यक तालिमहरुमा जोड दिने साथै कार्यालयको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने गरी कार्यक्रम तर्जुमा गर्ने ।

५. सुशासनको लागि पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी बनाउने तथा सवै संघसंस्थाहरुले नागरिक प्रति जवाफदेही भएर प्रभावकारीरुपमा कार्य सम्पादन गर्ने कुरालाई बढावा दिने ।

**निर्णय नं ३ :**

आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रम छनौट गर्दा देहायका आधारमा प्राथमिकता दिई छनौट गर्ने निर्णय गरियो :

क) जनतालाई तत्काल प्रत्यक्ष फाईदा पुग्ने तथा रोजगार प्रबर्द्धन हुने र आयमूलक योजनाहरु ।

ख) कृषि उत्पादन बृद्धिमा सघाउ पुग्ने ।

ग) स्थानीय साधन, सीप र क्षमताको परिचालनबाट संचालन हुन सक्ने ।

घ) वाताबरण संरक्षणमा सघाउ पुऱ्याउने ।

ङ) पिछडिएका वर्ग तथा उत्पिडित जाति, जनजाति, महिला, बालबालिका र अपाङ्गता भएकाहरुका लागि आयमूलक र सीपमूलक कार्यक्रमहरु ।

च) क्रमागत रुपमा संचालनमा रहेका अधुरो योजनाहरु सम्पन्न गर्न उच्च प्राथमिकता दिने ।

**निर्णय नं ४ :**

गाउं विकास समितिहरुको आगामी आ.व. को योजना तथा बजेट तर्जुमाको लागि निम्नानुसारको बजेट सिलिङ तथा मार्गदर्शन गाविसहरुमा पठाउने निर्णय गरियो :

क) चालु आवको स्वीकृत बजेटलाई आधार मानी जिविसबाट राजस्व बांडफांड बापत प्राप्त हुने रकम र गाविसको आन्तरिक आय समेतको अनुमान गरी आगामी आ.व. २०७३।७४ को लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।

ख) अनुदान रकम बांडफांड र खर्च गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९ मा व्यवस्था भए अनुसार गर्ने ।

ग) पूंजीगततर्फ विनियोजित रकमको कार्यक्रम तर्जुमा गर्दा विपन्न, महिलाहरुको मूलप्रवाहीकरण, बालबालिकाहरुको हित र कल्याण, दलितवर्गको सशक्तिकरण, आदिबासी जनजातिहरुको उत्थान, अशक्त अपांगता भएकाहरुको हित कल्याण सम्वन्धी योजनाहरुको लागि स्थानीय निकाय स्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९ वमोजिम पूंजीगत बजेटको न्यूनतम ३५ प्रतिशत रकम विनियोजन गर्ने ।

घ) प्रत्येक गाविसले कृषि क्षेत्रमा १५ प्रतिशत पूजीगत रकम विनियोजन गर्नुपर्नेछ । कृषिमा विनियोजित रकमबाट विपन्न बर्ग र समुदायका किसानहरुले प्रत्यक्ष लाभ प्राप्त गर्ने गरी सम्वन्धित विषयगत कार्यालयका प्राविधिकहरुको सहयोगमा संचालन हुने गरी नतिजामूलक कार्यक्रम छनौट गर्ने ।

ङ) पूंजीगत रकमबाट ग्रामीण क्षेत्रको रुपान्तरणमा सहयोग पुऱ्याउने स्थानीय जनसहभागिताको आधारमा समुदायले सञ्चालन गर्ने गरी खानेपानी मर्मत विस्तार, कृषि तथा स्थानीय उत्पादन प्रवर्द्धन, विद्युतीकरण, साना सिंचाई, शैक्षिक पूर्वाधार जस्ता आर्थिक सामाजिक पूर्वाधारका कार्यक्रममा रकम विनियोजन गर्ने ।

च) पूर्वाधार तर्फ योजना छनौट गर्दा योजना संख्या कम गरी लगानीको दीगो प्रतिफल प्राप्तीलाई सुनिश्चित गर्नु पर्नेछ । साथै जिल्लाको समग्र विकासमा अग्रणी क्षेत्रको रुपमा रहेको कृषि, भौतिक पूर्वाधार, पर्यटन, जलस्रोतको विकासमा उचित प्राथमिकता दिई योजना छनौट गर्ने ।

छ) भूकम्प पीडितलाई प्रत्यक्ष सहयोग पुग्ने गरी कार्यक्रम तर्जुमा गर्ने साथै गाविसले बजेट तथा कार्यक्रम छनौट गर्दा विपद (प्रकोप) व्यवस्थापनको लागि समेत बजेट विनियोजन गर्ने ।

ज) अनुदान रकम खर्च गर्दा सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका २०६८ तथा नेपाल सरकारको तत्काल राहात कार्यक्रमको पूर्ण पालना गर्नुपर्नेछ । साथै अनुदान रकमबाट चन्दा, उपहार एवं आर्थिक सहयोगमा रकम खर्च गर्न नपाइने ।

झ) पूंजीगत खर्चबाट चालु खर्चमा रकमान्तर गर्न नपाइने ।

ञ) जिविसले ढुंगा, गिटी, बालुवा आदि निकासीको ठेक्का लगाएका गाविसहरुको हकमा त्यस्तो आयबाट प्राप्त नियमानुसारको रकम राजस्व बाडफाड बापत सम्बन्धित गाविसमा पठाइनेछ । उक्त रकम श्रोत संरक्षण र आयआर्जन बृद्धि हुने कार्यमा प्राथमिकता दिई खर्च गर्ने ।

ट) दुई वा दुईभन्दा बढी गाविसका बासिन्दालाई फाइदा पुग्ने योजनाको लागि उक्त गाविसहरु मिलेर संयुक्त रुपमा योजना तथा कार्यक्रम छनौट गरी संचालर्न गर्न सकिने ।

ठ) चालु आवको गाउं परिषद आगामी पौष २५ गतेभित्र सम्पन्न गरिसक्ने साथै परिषदको निर्णय पौष मसान्तसम्ममा जिल्ला विकास समितिमा पेश गरिसक्ने ।

ड) गाउं परिषदको बैठक अघि वडा नागरिक मञ्चको बैठकबाट योजना छनौट भई आएको हुनुपर्नेछ । गाउं परिषदमा सामाजिक परिचालकहरुलाई अनिवार्य उपस्थित गराउने ।

ढ) गाउं परिषदको योजना तर्जुमा बैठक स्थानीय निकाय स्रोत परिचालन तथा व्यबस्थापन कार्यविधिले तोके अनुसार स्थानीय संघसंस्था, विषयगत कार्यालयका प्रतिनिधि, महिला, दलित,जनजाति एवं पछाडि पारिएका वर्गको उपस्थिति गराउने ।

ण) बालबालिका लक्षित योजना छनौट गर्दा गाविसस्तरीय बाल भेला अनिवार्य रुपमा सञ्चालन गर्ने । सो भोलाबाट छनौट भएका योजनामध्येबाट प्राथमिकताको आधारमा गाउँ परिषदबाट स्वीकृत गर्ने ।

त) ईलाका स्तरिय योजना तर्जुमा गोष्ठीमा जिल्ला विकास योजनामा समावेश गर्ने गरी गाउं परिषदबाट पारित योजनाहरुको सूची सहित गाविस सचिव स्वयं उपस्थित हुनु पर्ने ।

## निर्णय नं ५ :

आगामी वर्षको योजना तर्जुमाका लागि योजना तर्जुमा गोष्ठीहरु जिविसको कार्यतालिका वमोजिम कै मितिमा सञ्चालन गर्ने निर्णय गरियो । इलाका गोाष्ठीमा विषयगत कार्यालय तथा सम्वन्धित गाविसहरुमा कार्यरत गैससका प्रतिनिधि तथा गाविस सचिव र सामाजिक परिचालकहरु अनिवार्य रुपमा सहभागी हुनु पर्नेछ । राजनीतिक दलहरुलाई सम्वन्धित क्षेत्रको प्रतिनिधित्व हुने गरी प्रतिनिधि पठाउन अनुरोध गर्ने । इलाका स्तरिय योजना तर्जुमा गोष्ठीमा गाउं परिषद्बाट जिल्लाको विकास योजनामा समाबेश गर्ने गरी प्रस्ताव भएका योजना बाहेक नयां योजना प्रस्ताव गर्न पाइने छैन । तर एक भन्दा बढी गाविस तथा इलाकाहरुसंग सम्बन्धित योजना रहेछ भने त्यस्तो छनौट गर्न बाधा पुगेको मानिने छैन ।